पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल , काभ्रेपलान्चोक
बागमती, प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०४/०४

पाँचखाल नगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १० र अनुसूची (६)(क) को अधीनमा रही क्रमशः विज्ञापन कर संकलन, पार्किङ्ग शुल्क संकलन गर्न र तिनपिप्ले – शेराबेशी, तामाघाट – बोहोरेदोभान, तामाघाट – शिखरपुर र समाजकल्याण(न.पा.भवनको पश्चिम तर्फबाट १००मि.अगाडि देखि) – अनैकोट सडकमा, सडक मर्मत सम्भार शुल्क संकलनको लागी ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी प्रचलित ऐन,कानुन बमोजिम ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही ३०(तिस) दिन भित्र छुट्टाछुट्टै शिलबन्दि बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

थप जानकारीको लागि पाँचखाल नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

आन्तरिक आय ठेक्का विवरण

| क्र .सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ .व.२०७८/०७९ का लागि कायम न्यूनतम अंक (रु)(मु अ कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु) | धरौटी/ जमानत रकम | खोल्ने समय (दिउसो) |
|---|---|---|---|---|---|---|
| १ | PMIR/01/2079/080 | सडक मर्मत सम्भार शुल्क | ३५,००,०००/- | २,०००/- | १,७५,०००/ - | १:०० बजे |
| २ | PMIR/02/2078/079 | पार्किङ्ग शुल्क संकलन पलाञ्चोक भगवति मन्दिर परिसर | ३,००,०००/- | १,०००/- | १०,०००/- | २:०० बजे |

ठेक्का सम्बन्धी शर्तहरु :

१. यस सम्बन्धी बोलपत्र फारम रु. १,०००।- (एक हजार मात्र) तथा २,०००/-(दुई हजार) ( पछि फिर्ता नहुने) तिरी पाँचखालनगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. को खाता नं. १२४०३००००३०००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. बोलपत्र खरिद गर्दा लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राजश्व शाखामा तिरी सो को सक्कल रसीद वा नेपाल बैंक लि. मा रहेको यस पाँचखाल नगरपालिकाको खाता नं.१२४०३०००००१००१००००००१ मा दाखिला गरी सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. ३० औं दिन (मिति २०७९/०५/०२) सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिन १२:०० बजे भित्र कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ ।सो दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समयमा खोलिनेछ ।

५. ठेक्का सम्झौता गर्दा नै सम्पूर्ण रकम अग्रीम भुक्तानी गरेमा कबोल अंकको ५% ले हुन आउने रकम छुट हुनेछ ।

६. यो सूचना यस कार्यालयको website www.panchkhalmun.gov.np मा हेर्न सकिने छ ।

७. यस सूचनामा नपरेका कुराहरुकाहकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र पाँचखाल नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम हुनेछ ।

८. बोलपत्र स्विकृत गर्ने,नगर्ने अधिकार कार्यालयको हुने छ ।